# ネパール語
# नेपाली भाषा




海には、いっぱいゴミがすてられている。みんながいっしょにがんばって海をきれいにしている。

# 1. बहुभाषी DLA

## ① DLA को उद्देश्य

- DLA (Dialogic Language Assessment) ले, Culturally and Linguistically Diverse Students (CLD students) भएको भाषा को ज्ञान लाई मात्र स्कोर गर्ने वा श्रेणी निर्धारण गर्ने परिक्षा होईन ।
- CLD students एक मुल्याङ्‍न उपकरण हो ,CLD विधार्थीहरूले भाषा प्रयोग गरेर के गर्न सक्छन र उनीहरू आफैले के गर्न सक्छन भन्ने मात्र होईन ,उनिहरूले समर्थन पाएमा के गर्न सक्छन ,भन्ने कुरा संवादको माध्यम द्वारा बुझ्ने उद्देश्य राख्दछ।
- CLD विधार्थीहरू संग एक –आपसमा कुराकानी गर्दै कसरी सिकिरहेका छन् ,उनिहरूको सिकाईलाई अझ सहज बनाउन कस्तो प्रकारको सहयोग र सहायता चाहिन्छ र विभिन्न प्रकारका सहयोग वा सहायता उपलब्ध गराउँदा उनिहरूको सिक्ने ईच्छा लाई कसरी प्रोत्साहित गर्ने भन्ने बारेमा बुझ्न खोज्दैछौ ।
- साथै,, प्राप्त जानकारीको उपयोग उनीहररूको पछीको सिकाई लाई मार्गदर्शन र सहायता गर्नमा प्रयोग गर्ने उदेश्य रहेको छ ।

## ② बहुभाषी DLA को महत्व

- CLD विधार्थीहरूको "अधिकतम क्षमता "बुझ्नको लागी ,उनिहरूले सिक्ने क्रममा जापानीज भाषाको क्षमता मात्र होइन् , उनिहरूको मातृभाषाको क्षमता लाई पनि मापन गर्न आवश्यक छ ।
- DLA द्विभाषीय शिक्षा सिद्धान्तको आधारमा विकसित गरिएको हो ।तसर्थ,यो प्रशिक्षण जापानी भाषा मात्र होईन ,धैरै भाषाहरूमा संचालन गर्न सम्भव छ ।यस पुस्तिकमा DLA (पहिलो चरण) र DLA (सुन्ने र बोल्ने )पोर्तुगाली, चिनियाँ,फिलिपिनो,भियतनामी, स्पेनीस, अंग्रेज़ी,नेपाली र रूसी भाषामा रेकर्ड गरेर समावेश गरिएको छ ।यदी तपाईको सहायताकर्तले CLD विधार्थीहरूको मातृभाषा बोल्न सक्छ भने ,कृपया सक्रिय रूपमा बहुभाषिक DLA आवश्यकता अनुसार प्रयोग गर्नुहोस ।
- यस पुस्तिकामा बहुभाषी DLA (पढने ) समावेश छैन किनभने पढने क्षमता मापन गर्न अनुवादित पाठ (ट्रान्सलेट टेक्स्ट) भन्दा,प्रत्येक भाषाको विभिन्न स्तर (लेभल)को पाठहरूको आवश्यकता हुन्छ ।यदी तपाई CLD विधार्थीहरूको मातृभाषामा पढ्ने क्षमता मापन गर्न चाहानुहुन्छ भने ,DLA ( पढने ) प्रक्रिया लागु गर्न सक्नुहुन्छ ,भने कृपया प्रत्येक फिल्डमा CLD विधार्थीहरूको उमेर र मातृभाषाको स्तर अनुसारको उपयुक्त पाठ तयार गर्नुहोस।जस्तै,CLD विधार्थीहरूको गृह देशको मातृभाषाका पाठ्यपुस्तकमा भएका कथाहरू र व्याख्यात्मक पाठहरू प्रयोग गर्न सक्नुहुन्छ ।
- लेख्ने क्षमताको सन्दर्भमा,विधार्थी एक्लैले स्वतन्त्ररूपमा विषयहरूमा निबन्ध लेख्न सक्षम नभए सम्म परिक्षा ढाँचामा भन्दा कक्षामा लेख्ने निबन्धको पाठको गतिविधि अवलोकन गरेर लेख्ने क्षमता मापन गर्नु राम्रो हुन्छ CLD विधार्थी जो आफ्नै विषयमा निबन्ध लेख्न सक्षम छन ।ऊनिहरूको लागी ( CLD विधार्थीहरूको लागी भाषा विकास र अधिग्रहणको म्याट्रिक्स )( KOTOBA no CHIKHARA no MONOSASHI ) (शिक्षा,संस्कृति,खेलकूद,विज्ञान र प्रविधि मन्त्रालय ) को pp.१८६-१९९ को निबन्धको पाठ उपयोग गर्नुहोस ।

03

## ③ बहुभाषी DLA कार्यान्वयन फ्लोचार्ट

**DLA ( पहिलो चरण ) (५ मिनेट )**

परिचयात्मक कुराकानी → शब्दावली जाँच →

**DLA ( सुन्ने / बोल्ने ) ( १० ~ १५ मिनेट )**
＊कार्ड छानेर कार्यान्वयन गर्नुहोस ।

आधारभूत कार्य → स्तर अनुसार समाप्त

↓

संवाद कार्य

↓

संज्ञानात्मक कार्य → स्तर अनुसार समाप्त

↓

**DLA ( पढने ) ( १० ~ २५ मिनेट )**
＊यदि LD विधार्थीले पढन सक्छन र उनिहरूको मातृभाषाको स्तर अनुसारको पाठ्यक्रम (किताब) तयार गर्न वा भएको सकेको खण्डमा कार्यान्वयन गर्नुहोस।

DLA ( पढनु ) ・कार्यान्वयन चरण
・पाठ्यक्रम को चयन (छनौट)
・भविष्यवाणी र अनुमान
・तोकिएको अनुच्छेद आवाज निकालेर पढने र त्यसपछी अन्तिम सम्म (आवाज निकालेर वा मनमनै पढने)
・सारांश रिपिड गर्दै,पाठको सामाग्रीको बारेमा कति बुझेको छ पुष्टि गर्दै जाने
・पढेको कुराहरूको बारेमा प्रश्नहरू गर्ने

↓

( CLD विधार्थीहरूको लागी भाषा विकास र अधिग्रहणको म्याट्रिक्स ) ( KOTOBA no CHIKHARA no MONOSASHI ) ( शिक्षा,संस्कृति,खेलकूद ,विज्ञान तथा प्रविधि मन्त्रालय 2025) को (सोच , निर्णय र अभिव्यक्ति )लाई समर्थन गर्ने व्यापक मौखिक क्षमता ( शब्दहरूको शक्तिको मापन ) को स्टेज

# 2. DLA ( को पहिलो चरण )

## ① लक्ष्य

・DLA ( पहिलो चरण ) नेपाली भाषामा लागु गर्नुको उद्देश्य अभिवादन वा बच्चाको आफ्नो बारेमा र आफु संलग्न बातावरण र भाषाको वातावरण लाई अझ राम्रो सँग बुझ्न मद्दत गर्नु हो।यसबाहेक,हामी बच्चाहरू र DLA आयोजकहरू बिच विश्वासको निर्माण र बच्चाहरूले DLA संग सकरात्मक रूपमा संलग्न हुन सक्ने वातावरण सिर्जना गर्ने लक्ष्य रहेको छ ।

## ② लक्षित

・नेपाली भाषामा हामी बहुभाषीक विभिन्न वातावरणमा हुर्केका विशेष गरी त्यो विधार्थीको सबैभन्दा बलियो भाषाको स्तर बुझ्नको लागी अति आवश्यक भएको खण्डमा संचालन गर्छौं ।

## ③ रचना

・यसमा पहिलो भेटको अभिवादन र बच्चाको आफ्नोबारेमा (परिचयात्मक कुराकानी)र ५५ प्रश्नहरूको नाम.क्रिया र विशेषण को आधारभुत (शब्दावली जाँच )समावेश गरिएको छ ।

・(शब्दावली पावर चेक ) को नाम ,शरीरको भाग,खानेकुरा , जनावर,स्कुलमा भएका बस्तुहरू,दैनिक जिवनमा बच्चाहरूले प्रयोग गर्ने ,सुन्ने शब्दहरू हो। (आँखा) र (परेला) , (मुख) र (ओठ) जस्ता बच्चाहरूको लागी सजिलो र कठिन शब्द वा (गाई) र (सिङ्ग), (रूख) (पात) (डाँठ) जस्ता सबै भाग जनाउने शब्दावली पनि समावेश छन।क्रियापद र विशेषणहरू पनि जुन बच्चाले स्कुल वा घरमा धेरै प्रयोग गर्ने गर्दछ ।

## ④ कार्यान्वयन चरणहरू

### अग्रिम तयारी

・परिशिष्ट १ मा रहेको DLA (पहिलो चरण) (शब्दावली कार्ड) (pp.२३६-२४२) लाई काटेर कार्ड बानाउन सक्नुहुन्छ ,कार्ड नंबरको क्रममा रिङ्गले बाँधेर राख्ने वा डेटालाई ट्याबलेटमा आयात गरेर ,एउटा-एउटा प्रस्तुत गर्न मिल्ने गरेर राख्नुहोस ।

・शब्दावली कार्डहरू लाई राम्रो गतीमा पल्टाउन सक्ने गरेर अभ्यास गर्नुहोस ,कृपया DLA मोडलको भिडियो हेर्नुहोस र कार्यान्वयनकर्ताको मनोवृत्ति र गति लाई हेरेर सान्दर्भको रूपमा प्रयोग गर्नुहोस ।

・DLA (पहिलो चरण) को व्यवहारिक गाइड (pp.१९७-१९८) एउटा –एउटा प्रस्तुत गर्न मिल्ने गरेर तयार परिएका DLA (पहिलो चरण) का शब्दावली कार्डहरू ,अडियो रेकर्डिङ उपकरण र मेमोको लागी पेपरको तयार गरेर राख्ने।

### बस्ने तरिका

・बच्चाको सिधा अगाडी नबसी ,डेस्कको कुनामा बस्नुहोस।यसो गर्दा बच्चासंग कार्ड र स्पेस शेयर गरेर,बच्चामा डरको भावना कम गर्न सकिन्छ ।

### संवादको कार्यान्वयन (संचालन)

・रेकर्डिङ/ रेकर्डिङ उपकरणको स्थिति जाँच गर्नुहोस,स्विच अन गर्नुहोस र संवाद शुरू गर्नुहोस ।

・DLA (पहिलो चरण )को व्यवहारिक गाइड (pp.१९७-१९८) अनुसार, (परिचयात्मक कुराकानी) र ( शब्दावली जाँच )को क्रममा संचालन गर्ने ।

- DLA (पहिलो चरण ) कार्यान्वियन गर्ने प्रयास गर्नु भएको छ तर पर्याप्त आधारभूत वार्तालाप पनि गर्न सकेन् र वार्तालाप जारी राख्न कठिन भएको खण्डमा,(परिचयात्मक कुराकानी) को क्रमको बिचमा वा ( शब्दावली जाँच ) को बिचमा भएपनि तुरून्त समाप्त गर्न सक्नुहुन्छ ।

## ⑤ कार्यान्वयनमा ध्यान दिनुपर्ने कुराहरू

### प्रवाहमा प्रबाहमा ध्यान दिनुहोस

- DLA ( पहिलो चरण ) मा लाग्ने समय लगभग ५ मिनेट हो ।यद्दपी,कार्यान्वयनकर्ताको उच्चारण बच्चाको स्तर अनुसार समायोजित गर्न आवश्यक छ ।वार्तालाप यथासंभव प्राकृतिक गतिमा अगाडी बढाउनको लागी ।
- बच्चाको बोलीमा बाधा, ईन्कार वा सुधार नगर्नुहोस ।
- पहिले देखि चिनजान भएको बच्चा भएमा (पहिलो भेटको अभिवादन) (व्यक्तिगत परिचय) को आवश्यकता छैन भने स्किप गरेपनि हुन्छ।
- यदि बच्चाले सोधिएको प्रश्न नबुझेको खण्डमा,बिस्तारै फेरी दोहोर्याउनुहोस , अझै बुझेन भने छोटो र सरल तरिकामा परिवर्तन गरेपनि हुन्छ तर कुनै व्याख्या थप नगर्नुहोस,प्रवाह लाई रोक्न नदिई अघि बढनुहोस।
- "शब्दावली जाँच"को समयमा बच्चाको जवाफ अड्कियो वा जवाफ दिन सकेन भने ,सही जवाफ नसिकाउने र जवाफ लाई नसच्याई ,तुरून्त अर्को कार्डमा जानुहोस।यदी बच्चाले जवाफ जान्न चाहेको खण्डमा सिकाई दिएपनि फरक पर्दैन।
- यदी बच्चाले सोचिरहेको छ वा प्रतिक्रिया दिन समय लिईरहेको छ भने,हतार नगरी धैर्यपूर्बक पर्खिनुहोस।

### वातावरण सिर्जना

- बोल्नमा धाराप्रवाह भएका बच्चाहरू लाई पनि वयस्क व्यक्तिहरू संग अन्तरक्रिया गर्दा नर्भस हुने वा नकारात्मक प्रितिक्रिया दिन सक्छन ।शान्त वातावरण बनाउने प्रयास गर्नुहोस।यस लाई परिक्षाको रूपमा प्रयोग गर्नुको सट्टा ,बच्चासंगको कुराकानीको आनन्द लिने उद्देश्यले संचालन गर्नुहोस।
- बच्चाहरूको प्रतिक्रिया लाई इशाराले वा टाउको हल्लाएर प्रतिक्रिया दिनुहोस ।
- संचालनकर्ताको लागी (पहिलो चरण ) पनि एक महत्वपूर्ण वार्मअप गतिविधि हो ,बच्चाहरू बाट कुराहरू निकाल्न कोशिश गरौ भन्ने भावनाका साथ व्यवहार गर्नुहोस।शिक्षकको भन्दा पनि सहजकर्ताको भुमिका निर्वाह गर्न जरूरी छ ।

### संवादको क्रममा स्कोरिङ नगर्ने

- कृपया,बच्चाको अगाडी स्कोरिङ गर्ने र मुल्याङन गर्ने नगर्नुहोस।थप रूपमा DLA (पहिलो चरण ) DLA (सुन्ने/बोल्ने) र DLA (पढने )क्रमशः संचालन गर्ने हुनाले,सबै चरणहरू पुरा भएपछी मुल्याकङन गर्नुहोस ।
- सही मुल्याङकनको र रेकर्डको लागी अडियो वा भिडियो रेकर्डिङ गरौ ।

### प्रशंसा गरेर समाप्त गर्नुहोस

- बच्चाको भाषाको स्तर जस्तोसुकै भएपनी ,अन्तमा नेपाली भाषामा (बोल्नुभयो) भनेर सकारात्मक मुल्याङकन गरेर समाप्त गर्नुहोस ।

## ⑥ अर्को चरणको लागी संकेत

- बच्चाले (परिचयात्मक कुराकानी ) र (शब्दावली जाँच ) ७० ～ ८० % गर्न सकेको खण्डमा ,अर्को चरणमा जान सक्नुहुन्छ । यदि २०～ ३० % मात्रै गर्न सकेमा ,अर्को चरणमा नगई समाप्त गर्न सक्नुहुन्छ ।यदि बिचमा कुनै निर्णय लिन गार्हो भएको अवस्थामा अलि अगाडी बढेर ,त्यसपछी आफ्नो निर्णय लिनुहोस ।
- यस अध्यायको (४ )मा उल्लेख गरिए अनुसार ,बच्चाको नेपाली भाषाको स्तरको आधारमा DLA (पहिलो चरण) बिचमा समाप्त गरेपनि हुन्छ ।

## ⑦ समय र मूल्यांकन विधि

- DLA ( पहिलो चरण ) को मूल्यांकन,DLA (सुन्ने /बोल्ने) समाप्त भएपछी गर्नुहोस ।
- रेकर्ड गरिएको सामाग्री चेक गर्दै DLA (पहिलो चरण) मूल्यांकन नोट (p.१९९) प्रयोग गरेर कति कति प्रगति भएको छ भन्ने बारेमा नोट गर्नुहोस ।
- ( शब्दावली जाँच ) मूल्यांकन गर्नको लागी , कृपया शब्दावली चेकको ईरेटा (उत्तर तालिका ) (सहि/गलत तालिका) ( p.२०१ ) हेर्नुहोस । ।
- भाषा शिक्षा (सुन्ने र बोल्ने ) को लागी एक व्यापक र बहुमुखी दृष्टिकोणबाट सोच , निर्णय र अभिव्यक्ति ( CLD विधार्थीहरूको लागी भाषा विकास र अधिग्रहणको म्याट्रिक्स ) ( KOTOBA no CHIKHARA no MONOSASHI ) को समर्थन गर्ने व्यापक मौखिक क्षमताको चरणको मूल्यांकन गर्ने ।

# व्यवाहारिक गाईड

## परिचयात्मक कुराकानी

**❶ प्रारम्भिक भेटको अभिवादन :**

नमस्ते. म, （आफ्नो परिचय） हो.

**❷ व्याख्या : अब बाट गर्ने कामको बारेमा बच्चा लाई रमाईलो तरिकाले व्याख्या गर्नुहोस,जसले बच्चाको प्रेरणा बढाउनेछ।**

अब तपाईले नेपाली भाषामा के कति कुरा गर्न सक्नुहुन्छ , भनेर जान्न चाहान्छु । त्यसैले थाहा भएको कुरा जे कुरा गर्नु भएपनी हुन्छ । यदी थाहा छैन भने थाहा छैन भन्नुहोस।

**❸ प्रश्न :**

・निम्नक्रममा प्रश्नहरु अगाडी बढाउनुहोस ।

① कृपया आफ्नो नाम भन्नुहोस / तपाईको नाम के हो?
② कति कक्षा हो ?
③ कति बर्षको हुनुभयो ?
④ तपाईको जन्मदिन / जन्म मिती कहिले हो ?
⑤ तपाईको दाजु-भाई वा दिदी-बहिनी छ ?

・दाजु-भाई, दिदी-बहिनी बारेमा प्रत्येक बच्चाको अवस्था र पारिवारिक अवस्थाको बारेमा लचिलो रूपमा प्रतिक्रिया दिने।

⑥ साथी छ ?
⑦ मलाई आफ्नो साथीको नाम भन्नुहोस ?
⑧ साथी संग के खेल्नुहुन्छ ?

・सम्बन्धित कार्यको लागी साथीको नाम आवश्यक पर्न सक्दछ,त्यसैले साथीको नाम नोट गरेर राख्नुहोस ।

⑨ स्कुल मन पर्छ ?
⑩ किन स्कुल मन पर्छ ? / रमाईलो लाग्छ ?

・आफ्नो देशको स्कुलको बारेमा वा यदी जापानको विदेशी स्कुलमा पढेको खण्डमा, त्यो समयको र उक्त स्कुल संग तुलना गरेर् प्रश्नहररू सोध्नुहोस ।

⑪ जापानको स्कुलको मन पर्ने कुरा के हो ?
⑫ जापानको स्कुलको मन नपर्ने कुरा के हो ?

・⑪⑫ नंबरको प्रश्नपछी प्रत्येक बच्चाको लागी अनुकुल प्रश्नहरू थप्न सक्नुहुन्छ।

⑬ तपाईको परिवारमा के/कुन भाषा बोलिन्छ ?
⑭ आमाबुबाले तपाई संग के/कुन भाषामा कुरा गर्नु हुन्छ ?
तपाईले आमाबुबा संग के/कुन भाषामा कुरा गर्नु हुन्छ ?

・बुबाआमाले नेपाली बोल्ने भए पनि ,धेरै केसहरू छन ,जसमा बच्चाले सुन्छन मात्र ,त्यसैले ध्यानपूर्वक घरमा प्रयोग गरिने भाषाको बारेमा नम्ररूपमा प्रश्नहरू सोध्नुहोस साथै पारिवारीक संरचनामा ध्यानमा राखेर प्रश्न राख्नुहोस ।

⑮ नेपाली पढ्न आउछ ?
नेपाली लेख्न आउछ ?

बच्चाहरूले पढ्न र **लेख्न** सक्षम छ कि छैन भनी जाँच गर्नुहोस ,थपरूपमा कति स्तर सम्म पढन **लेख्न** सक्छ जाँच गर्न प्रश्नहरू सोध्न सक्नुहुन्छ ।

## शब्दावली जाँच

❶ यदी शब्दावली कार्ड संज्ञा भएको खण्डमा (कार्ड नंबर : १〜४२)

यो के हो ? हो आँखा हो है त्यसो भए मैले "1"भन्दा "आँखा"भन है ।
."2" भन्दा (औलाले 2 देखाएर के हो) भन्नुहोस ।
थाहा नभएको खण्डमा "थाहा छैन "भन्नुहोस है ।त्यसो भए …"1".

❷ शब्दावली कार्ड क्रिया भएको खण्डमा (कार्ड नंबर ४३ ～ ५०) कार्ड नंबर ४३ (स्विमिंग) मा पुग्नुहुन्छ ,निम्न कुरा भन्नुहोस ।

के गर्छौ ?. /के गरिरहेको छ ?

❸ यदी शब्दावली कार्ड विशेषण भएको खण्डमा (कार्ड नंबर : ५१ 〜 ५५ )

・कार्ड नंबर ५१ (छोटो ) सम्म आएमा निम्न कुरा भन्नुहोस.

यो कस्तो स्कर्ट हो ?

・"कस्तो"को अर्थ थाहा नभएको खण्डमा निम्न प्रश्न सोध्नुहोस .

यो "लामो" छ है . त्यसो भए ("छोटो " को चित्र देखाएर) यो ?

03

## अगाडी बढौ ……

●परिचयात्मक कुराकानी / यदी शब्दावली जाँचमा उत्तीर्ण प्रतिशत लगभग २० 〜 ३० भएमा ,यहीं समाप्त गरे हुन्छ .

यही समाप्त हुन्छ । धन्यवाद.

●परिचयात्मक कुराकानी / शब्दावली जाँचमा आधा भन्दा बढी संबाद गर्न सक्षम हुनुभएको खण्डमा DLA (सुन्नु / कुरा गर्नु) मा अगाडी बढनुहोस.

## परिचयात्मक कुराकानी

साल　　महिना　　तारीख़

नाम ______ कक्षा (ग्रेड) ______ उमेर (　　बर्ष)

| कार्यान्वयन कुराकानी | उचित जवाफ दिन सके | टिप्पणी |
|---|---|---|
| ① "कृपया आफ्नो नाम भन्नुहोस/तपाईंको नाम के हो ? " | ☐ | |
| ② "कति कक्षा हो ?" | ☐ | |
| ③ "कति बर्षको हुनुभयो / कति बर्ष हो ?" | ☐ | |
| ④ "जन्मदिन कहिले हो ?" | ☐ | |
| ⑤ "दाजु भाई वा दिदीबहिनी छ ?" | ☐ | |
| ⑥ "साथीहरू छन ?" | ☐ | |
| ⑦ "साथीको नाम भन्नुहोस ?" | ☐ | |
| ⑧ "साथीहरू संग के गरेर खेल्नुहुन्छ?" | ☐ | |
| ⑨ "स्कुल रमाईलो छ ?/स्कुल मनपर्छ ?" | ☐ | |
| ⑩"किन रमाईलो लाग्छ /मन पर्छ? " | ☐ | |
| ⑪ "जापानको स्कुलको मन पर्ने कुरा के हो ?" | ☐ | |
| ⑫ "जापानको स्कुलको मन नपर्ने कुरा के हो ?" | ☐ | |
| ⑬ "घरमा नेपाली बोल्छौ ?" | ☐ | |
| ⑭ "आमाबुबाले तिमी संग के भाषामा कुरा गर्नुहुन्छ ?"<br>"तिमी आमाबुबा संग के भाषामा कुरा गर्छौ ?" | ☐ | |
| ⑮ "नेपाली भाषा पढ्न आउछ ? ""नेपाली भाषा **लेख्न** आउछ ? " | ☐ | |
| अर्थपूर्ण जवाफको संख्या ／प्रश्नको संख्या<br>उपलब्धि दर | <br>⇒ | ／15<br>% |

## शब्दावली जाँच

साल　　महिना　　तारीख़

नाम　　　　कक्षा (ग्रेड)　　उमेर (　　बर्ष)

| नंबर | शब्द | सही | गलत | टिप्पणी स्तम्भ | नंबर | शब्द | सही | गलत | टिप्पणी स्तम्भ |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | आँखा | ☐ | ☐ | | 30 | डेस्क | ☐ | ☐ | |
| 2 | परेला | ☐ | ☐ | | 31 | दराज/ड्रयर | ☐ | ☐ | |
| 3 | मुख | ☐ | ☐ | | 32 | ब्ल्याकबोर्ड / कालोपाती | ☐ | ☐ | |
| 4 | ओठ | ☐ | ☐ | | 33 | डस्टर / मेट्ने | ☐ | ☐ | |
| 5 | हात | ☐ | ☐ | | 34 | नक्सा | ☐ | ☐ | |
| 6 | बुढी औला | ☐ | ☐ | | 35 | कैची | ☐ | ☐ | |
| 7 | नङ | ☐ | ☐ | | 36 | नोट | ☐ | ☐ | |
| 8 | नाक | ☐ | ☐ | | 37 | ड्राईवर /बस चालक | ☐ | ☐ | |
| 9 | अंगुर | ☐ | ☐ | | 38 | डक्टर | ☐ | ☐ | |
| 10 | अण्डा | ☐ | ☐ | | 39 | फायर फाईटर | ☐ | ☐ | |
| 11 | झिङ्गे माछा | ☐ | ☐ | | 40 | बस | ☐ | ☐ | |
| 12 | दुध / मिल्क | ☐ | ☐ | | 41 | हवाईजहाज़/प्लेन | ☐ | ☐ | |
| 13 | गाई | ☐ | ☐ | | 42 | पखेटा | ☐ | ☐ | |
| 14 | (गाईको ) सिंग्ङ | ☐ | ☐ | | 43 | पौडी रहेको | ☐ | ☐ | |
| 15 | (कुकुरको ) पुच्छर | ☐ | ☐ | | 44 | अक्षर लेखिरहेको | ☐ | ☐ | |
| 16 | कुखुरा | ☐ | ☐ | | 45 | दाँत माझिरहेको | ☐ | ☐ | |
| 17 | घोडा | ☐ | ☐ | | 46 | कपडा लगाउनु | ☐ | ☐ | |
| 18 | हात्ती | ☐ | ☐ | | 47 | सुतेर उठ्नु | ☐ | ☐ | |
| 19 | मुसा | ☐ | ☐ | | 48 | बस्नु | ☐ | ☐ | |
| 20 | (बिरालोको) जुगां | ☐ | ☐ | | 49 | सफ़ाई गर्नु | ☐ | ☐ | |
| 21 | रूख | ☐ | ☐ | | 50 | रिसाउनु | ☐ | ☐ | |
| 22 | पात | ☐ | ☐ | | 51 | छोटो | ☐ | ☐ | |
| 23 | हाङ्गा/डाँठ | ☐ | ☐ | | 52 | पातलो | ☐ | ☐ | |
| 24 | पंखा | ☐ | ☐ | | 53 | हलुको | ☐ | ☐ | |
| 25 | टेलिफोन/फोन | ☐ | ☐ | | 54 | जाडो/चिसो | ☐ | ☐ | |
| 26 | ढोका | ☐ | ☐ | | 55 | अग्लो | ☐ | ☐ | |
| 27 | छाना/छत | ☐ | ☐ | | कुल | सही उत्तरहरूको संख्या (दर) | /55 ( %) | | |
| 28 | भर्याङ्ग/सिढी | ☐ | ☐ | | | | | | |
| 29 | झ्याल | ☐ | ☐ | | | | | | |

## शब्दावली जाँच

| नंबर | श्रेणी | सही उत्तर | स्वीकार्य जवाफ | ग़लत जवाफ |
|---|---|---|---|---|
| 1 | I शरीरको भाग | आँखा | आई | |
| 2 | | परेला | आई ल्यासेस | आँखी भौ /आईब्रो |
| 3 | | मुख | माउठ | लिप्स |
| 4 | | ओठ | लिप्स | मुख |
| 5 | | हात | हातको हत्केला | |
| 6 | | बुढी औला | औला, औलाको भाग | हात |
| 7 | | नङ | नेल | |
| 8 | | नाक | नोज | |
| 9 | II खानेकुरा | अंगुर | ग्रेप्स | |
| 10 | | अण्डा | कुखुराको अण्डा /ऐग | |
| 11 | | झिङ्गेमाछा | स्रिम्प | गग्ङटो,किरा |
| 12 | | दुध | मिल्क | |
| 13 | III जीवजन्तु र वनस्पति | गाई | काऊ | |
| 14 | | (गाईको ) सिङ्ग | हर्न्स | गाई |
| 15 | | (कुकुरको ) पुच्छर | डगको टेल | कुकुर |
| 16 | | कुखुरा | चिकेन /हेन | |
| 17 | | घोडा | हार्स | |
| 18 | | हात्ती | ईलेफेन्ट | |
| 19 | | मुसा | न्याउरी मुसो /माउस | |
| 20 | | (बिरालोको ) जुङ्गा | बिरालो/क्याट | बिरालोको रौ |
| 21 | | रूख | ट्री | |
| 22 | | पात | लिफ | |
| 23 | | हाङ्गा / डाँठ | रूखको हाङ्गा/ब्रान्च | काठ |
| 24 | IV मेसिन | पंखा | फेन | |
| 25 | | टेलिफोन/फोन | मोबाइल , मोबाईल फ़ोन, स्मार्ट फ़ोन | |
| 26 | V घरको भाग | ढोका | डोर | गेट |
| 27 | | छाना/छत | रूफ | घर , घरको माथी,ईटा |
| 28 | | भर्याङ्ग /सिढीं | स्टेर/स्टेप | लबी |
| 29 | | झ्याल | विन्दोउ | |
| 30 | VI स्कुलमा भएको सामान | डेस्क | टेबल | मेच |
| 31 | | दराज | ड्रायर | टेबलको भित्र |
| 32 | | ब्ल्याकबोर्ड | कालो बोर्ड /ह्वाईट बोर्ड | कक्षा कोठा |
| 33 | | डस्टर | मेट्ने,ब्ल्याकबोर्ड मेट्ने | |
| 34 | | नक्सा | विश्व /म्याप /वर्ल्ड म्याप | पृथ्वी |
| 35 | | कैंची | सिजर | |
| 36 | | नोट /कपी | नोट कपी | किताब , टेक्स्ट बुक |
| 37 | VII पेशा | ड्राईभर | बस चालक | |
| 38 | | चिकित्सक | डक्टर | |
| 39 | | फ़ायर फाइटर | आगो निभाउने मान्छे | आगो निभाको |
| 40 | VIII सवारी साधन | बस | गाडी | कार , बस चलाएको |
| 41 | | हवाईजहाज /विमान | प्लेन /ऐरोप्लेन | |
| 42 | | पखेटा | हवाईजहाज़को पखेटा | |
| 43 | IX विधालय जीवनको कार्य | पौडी खेलिरहेको | पौडेको , स्विमिंग | |
| 44 | | अक्षर लेखिरहेको | लेखेकोपढेको, होमवर्क गरेको | कलम , चित्र कोरेको |
| 45 | X दैनिक जीवनको कार्य | दाँत माझीरहेको /ब्रस गरिरहेको | ब्रस गरेको , दाँत टल्काको | ब्रस |
| 46 | | लुगा लगाउनु | कपडा लगाको, ड्रेस चेंज गरेको | लुगा फुकालेको |
| 47 | | सुतेर उठ्नु | उठेको , उठिरहेको | नसुतेको |
| 48 | | बस्नु | बसेको, कुर्सीमा बसेको वा बसिरहेको | |
| 49 | XI काम | सफा गर्नु | सरसफाई गरेको , भ्याकुम लगाको | |
| 50 | XII भावनात्मक व्यवहार | रिसाउनु | रिसाएको,क्रोधित /ऐन्ग्री | नराम्रो , डरलाग्दो |
| 51 | XIII आकार | छोटो | सर्ट | स्कर्ट, लामो छैन |
| 52 | | पातलो | ठिन | लठ्ठी, मोटो छैन |
| 53 | | हलुका | हलुको | झोला, ब्याग, सामान उठाको, |
| 54 | | जाडो /चिसो | कोल्ड | |
| 55 | | अग्लो | ठूलो मान्छे/टल | मान्छे |

# 3. DLA ( सुन्ने / बोल्ने )

## ① लक्ष्य

- DLA ( सुन्ने / बोल्ने ) नेपाली भाषा मा परिक्षण संचालन गर्नुको उद्देश्य नेपालीमा कुराकानी गर्ने क्षमताको स्तर बुझ्न र अध्ययन गर्नु हो।,जुन स्कूलको पढ़ाईको विषयहरू सिक्न र पढ्ने र लेख्ने स्तरको लागी आवश्यक र उपयोगी छ।
- DLA ( सुन्ने र बोल्ने ) मा तीनवटा पक्षहरू बाट वार्तालाप क्षमताको मापन गरेर : आधारभूत कुराकानी, संवाद र अनुभुती,हामी यसलाई व्यापक र धेरै कोणबाट बुझ्ने लक्ष्य राख्दछौ ।

## ② लक्षित

- DLA ( सुन्ने / बोल्ने ) मा नेपाली भाषामा अति न्युन प्रतिक्रिया दिनेहरू देखी नेपाली धाराप्रवाह बोल्न र बुझ्न सक्नेहरू सम्म,हामी बहुभाषीक परिवेशमा हुर्किरहेका विभिन्न तहका बालबालिकाहरू लाई लक्षित गर्दछौ।
- यो विशेष नेपाली भाषामा सुन्ने र बोल्ने सीपको स्तर बुझ्न अति आवश्यक हुँदा प्रयोग गरिने छ ।
- तर , नेपाली भाषा को DLA (प्रथम पाईला) मा लगभग सवाल-जवाफ गर्न नसक्ने बालबालिकाको लागी यो संचालन गर्न सकिदैन्।

## ③ विवरण

- "आधारभूत कार्य " "संवाद कार्य " "संज्ञानात्मक कार्य " यी ३ कार्यहरू समावेश छन ।
- "आधारभूत कार्य"मा आफ्नो बारेमा र आफ्नो दैनिक जीवन संग सम्बंधित परिचित विषयहरूमा धेरै प्रयोग हुने शब्दावली, अभिव्यक्ति र ब्याकरण प्रयोग गरेर वाक्य बनाउने र प्रतिक्रिया दिने आधारभूत संवादात्मक क्षमताको मापन गरिने छ ।
- "संवाद कार्य "मा परिस्थिति र परिस्थितिको आधारमा एक अर्का संग अन्तरक्रिया गर्ने क्षमताको मापन गर्ने छौ।
- "संज्ञानात्मक कार्य "मा आफ्नो विचार र विचार व्यक्त गर्न र विषय सिकाई संग सम्बंधित सामाग्रीको बारेमा सुसंगत व्याख्या गर्न सक्ने क्षमताको मापन गर्ने छौ।
- DLA ( सुन्ने / बोल्ने ) मा ३ प्रकारको कार्ड हरू प्रयोग गर्ने छौ।परिशिष्ट २ को DLA ( सुन्ने / बोल्ने ) मा चित्र कार्ड हरू मध्य,गुलाबी फ्रेम (आधारभूत कार्य) को लागीको (आधारभूत कार्ड) हो,पहेलो फ्रेमको (संवाद कार्य )को लागीको (संवाद कार्ड) हो ,निलो फ्रेम (संज्ञानात्मक कार्य) को लागीको (संज्ञानात्मक कार्ड) हो ।
- आधारभूत कार्ड ४ वटा , संवाद कार्ड ३ वटा , संज्ञानात्मक कार्ड ६ वटा छन,बच्चाको उमेर वा नेपाली भाषाको स्तर , DLA लागू गर्दाको परिस्थिती (समय आदि) को आधारमा छानेर प्रयोग गरिने छ।
- सबै कार्ड हरू प्रयोग गर्न ज़रूरी छैन,त्यसैले (चित्र कार्डको प्रकार र लक्षित उमेरको सुची)को आधारमा कार्ड छान्नुहोस । (pp.२०३)

## ④ कार्यान्वयन चरण

### अग्रिम तैयारी

- परिशिष्ट २ मा DLA (सुन्ने /बोल्ने) बाट (आधारभूत कार्ड) (संवाद कार्ड) र ( संज्ञानात्मक कार्ड )(pp.२४३-२४९) काटेर कार्डहरू बनाउन सक्नुहुन्छ वा डेटा लाई ट्याबलेटमा आयात गरेर , एक-एक गरेर प्रस्तुत गर्न सक्नुहुन्छ।
- राम्रो गतिमा पृष्ठ पल्टाउनको लागी अभ्यास गर्नुहोस र DLA परिचयात्मक भिडियो हेरेर यसलाई कार्यान्वयन गर्ने यक्तिको मनोवृत्ति र गति लाई ध्यान गर्नुहोस।
- DLA ( सुन्ने / बोल्ने ) व्यवहारिक गाइड (pp.२०७-२०९) , प्रयोग गर्ने DLA ( सुन्ने / बोल्ने ) को चित्र कार्ड अडियो वा भिडियो रेकर्डिङ उपकरण र नोटको तैयारी गरेर राख्नुहोस ।

### कार्डको प्रयोग गर्ने तरिका / बस्ने तरिका

- कार्ड लाई प्रयोग गर्न चाहानुहुने क्रम अनुसार तल फर्काएर चाङग् पारेर राख्नुहोस सबैभन्दा माथीको कार्ड पल्टाउदा आफुलाई आवश्यक पर्ने कार्ड आउने गरेर चाङग् पारेर राख्नुहोस ।
- बच्चाको अगाडी  बस्नुको सट्टा कुनामा बस्नुहोस र कार्ड लाई बच्चा र शिक्षक दुबैले देख्ने स्थानमा राख्नुहोस .।

### संबाद संचालन


- रेकर्डिङ अडियो/भिडियोको स्थितिको राम्रो सित जाँच गर्नुहोस र स्विच अन गरीसकेपछी,DLA (सुन्ने/बोल्ने)शुरू गर्नुहोस।यदी DLA(हाजीमेनो ईप्पो) फलो गर्दै हुनुहुन्छ भने रेकर्डरको स्विच पहिलेनै अन गर्नुहोस।
- DLA (सुन्ने/बोल्ने) व्यवहारिक गाइड (pp.२०७-२०९) अनुसार (आधारभूत कार्य) (संवाद कार्य) र (संज्ञानात्मक कार्य) को क्रममा गरिने छ।
- नेपाली भाषा  को स्तर अनुसार (आधारभूत कार्य) वा (संवाद कार्य) मा समाप्त गर्न  सक्नुहुन्छ ।अथवा,(आधारभूत कार्य)र (संवाद कार्य) संचालन नगरी (संज्ञानात्मक कार्य) मात्र संचालन गर्ने वा सबै संचालन पनि गरिने छ।

**चित्र कार्डको प्रकार र लक्षित उमेरको सुची**

| | चित्र कार्डको नाम | प्राथमिक विद्यालय तल्लो ग्रेड | निम्न माध्यमिक विद्यालय मध्यम ग्रेड | उच्च माध्यमिक विद्यालय माथिल्लो ग्रेड/ माथीको ग्रेड |
|---|---|---|---|---|
| आधारभूत कार्य | ❶ कक्षा | ○ | ○ | ○ |
| | ❷ खेलकूद | ○ | ○ | ○ |
| | ❸ दैनिक कार्य | ○ | ○ | ○ |
| | ❹ भविष्यको सपना | ○ | ○ | ○ |
| संवाद कार्य | ❺ शिक्षक लाई प्रश्न | ○ | ○ | ○ |
| | ❻ नयाँ शिक्षक | ○ | ○ | ○ |
| | ❼ साथीहरू बोलाउने | ○ | ○ | ○ |
| संज्ञानात्मक कार्य | ❽ कुरा | ○ | ○ | |
| | ❾ दमकल | ○ | ○ | |
| | ❿ खानाको पाचन क्रिया | ○ | ○ | ○ |
| | ⓫ वातावरणीय समस्या | | ○ | ○ |
| | ⓬ भुकम्प | | ○ | ○ |
| | ⓭ जल /पानी चक्र (Water cycle) | | | ○ |

## प्रत्येक चित्र

◇"आधारभूत कार्य " आफु र दैनिक जिवन सम्बन्धी परिचित बिषयहरूमा गरिने प्रश्नहरूको जवाफ दिने र धेरै प्रयोग हुने शब्दहरू र अभिव्यक्तिहरू प्रयोग गरेर वाक्यहरू सिर्जना गर्नसक्नु हुन्छ कि भनेर हेर्नको लागीको कार्य हो ।कार्यान्वयन समय र बच्चाको अवस्था हेरी कार्डहरूको छनौट गरी प्रयोग गर्नुहोस।




### ❶ "कक्षा" कार्ड

अस्तित्व भएका बस्तुहरूको क्रिया(छ /छन) वा स्थान जनाउने अभिव्यक्ति(...को माथी )को प्रयोग गरेर बस्तु वा मानिसहरूको बारेमा जवाफ दिन सक्छ कि भनेर हेर्ने र कक्षा २ भन्दा माथीको लाई घडी हेरेर समय बताउने प्रश्नहरू सोध्नुहोस ।



### ❷ "खेलकूद" कार्ड

"तिमिले कहिल्यै गरेको छौ /छैनौ ?" (विगतको अनुभव ) , "सक्छौ कि सक्दैनौ" (सम्भावित अभिव्यक्ति ) , "मन पर्छ/पर्दैन्" , "कुन मन पर्छ?" (तुलना)आदी प्रश्नहरूको जवाफ दिन सक्छ की सक्दैन हेर्नुहोस ।



### ❸ "दैनिकी ( उठ्ने समय ) ( स्कुल जाने समय ) ( सुत्ने समय )" कार्ड

क्रियाहरूको वर्तमान काल (बानी) र भूतकालको प्रयोग गर्ने क्षमता को क्रममा कार्यहरू व्यक्त गर्न सक्ने क्षमता हेर्नुहोस ।



### ❹ "भविष्यको सपना" कार्ड

"～चाहान्छु " (इच्छा ) को प्रयोग गरेर भविष्यको सपनाको बारेमा कुरा गर्ने क्षमता हेर्ने छौ र साथै कारण पनि सोध्नुहोस ।

◇"संबाद कार्य "मा परिस्थिति/परिस्थिति अनुसार आफु बोल्ने र वार्तालापको नेतृत्व गर्न सक्ने क्षमताको परिक्षण गरिने कार्य हो ।कार्यान्वयन कर्ताले शिक्षक वा साथीको भूमिकाको रोल प्ले गरेर गतिविधिहरू संचालन गर्नेछौ।समय र बच्चाहरूको स्थिती अनुसार कार्डहरू छानेर प्रयोग गर्नुहोस ।



### ❺ "शिक्षकलाई प्रश्न" कार्ड

A : कक्षा भैरहेको समयमा टोईलेट जानको लागी अनुमति माग्न सक्छ ? भनेर हेर्ने .

B : किताब/पाठ्यपुस्तक लिएर आउन बिर्सेको खण्डमा शिक्षक वा साथीहरू संग सापट माग्न सक्छ ? भनेर हेर्ने.



### ❻ "नयाँ शिक्षक" कार्ड

नयाँ शिक्षक लाई आफ्नो परिचय दिन र प्रश्नहरू सोध्न सक्छ ? भनेर हेर्ने .



### ❼"साथीहरू लाई बोलाउने" कार्ड

साथी लाई बोलाउन सक्छ ?भनेर हेर्ने र कुरीकानीको नेतृत्व गर्ने क्षमता ( भेट्ने ठाँऊ वा समयको बारेमा आफुबाट सुझाव दिन सक्छ कि ) हेर्ने , कार्यान्वयन कर्तले साथीको भुमीका निभाउने छ ।

03

◇"संज्ञानात्मक कार्य "मा बच्चाको पाठ्यक्रमको विषय संग सम्बंधित सामाग्रीहरूको बारेमा समेटेर बोल्न सक्छ कि सक्दैन भनेर परिक्षण गर्ने कार्य हो ।बच्चाको उमेर (ग्रेड) हेरेर कार्ड छानेर प्रयोग गर्नुहोस ।निम्न माध्यमिक र उच्च/माध्यामिक स्तरको विधार्थी लाई प्रयोग गर्दै हुनुहुन्छ भने यस भित्रमा उपयुक्त कार्य/टास्क छैन भने ,उनिहरूको मातृभाषाको पढ़ाईको आधारमा उनिहरूको मनपर्ने विषयहरूमा सिकेको कुराहरूको अवधारणाहरू व्याख्या गर्न र सोध्न सक्नुहुन्छ ।




### ❽ "कुराकानी" कार्ड

३ वटा चित्रहरू बाट बच्चाले थाहा भएको एउटा कथा छान्नुहोस र हेर्नुहोस कि क्रम अनुसार कथाको बारेमा सुनाउन सक्छन? यो कार्डमा भएका कथाहरू बाहेक अन्य कथा भए पनि हुन्छ।



### ❾ "दमकल " कार्ड

२ गाडीहरूको भूमिका ,तिनीहरूको समानता र भिन्नताको बारेमा कुरा गर्न सक्छ की सक्दैन हेर्ने ।चित्रमा भएका गाड़ीहरू हेरेर गाडीहरूको आकार र कार्यहरूमा समानता र भिन्नताहरूको जवाफ दिन सक्छ की सक्दैन भन्ने कुरामा फ़ोकस गर्नुहोस।



### ❿ "खानाको पाचन " कार्ड

खानाको पाचनको बारेमा कुरा गर्न सक्छ ?हेर्ने र यदी माथिल्लो कक्षाको विधार्थी भएमा उमेर अनुसारको विषय र शब्दावली प्रयोग गरेर पाचन प्रणालीको बारेमा व्याख्या गर्न सक्छ कि भनेर हेर्नुहोस ।



### ⓫ "वातावरणीय समस्या" कार्ड

पृथ्वीमा अहिले के कस्तो भैरहेको छ भन्ने कुराको व्याख्या गर्ने शक्ति हेर्ने।वातावरणीय समस्याका समाधानको बारेमा आफ्नो राय भन्न सक्छ कि भनेर हेर्ने ।माथिल्लो कक्षाका विधार्थीहरू लाई उनिहरूको उमेर अनुसार सिकेका विषय र शब्दावली प्रयोग गरेर ग्लोबल वर्मिङ को कारण र संयन्त्रहरूको बारेमा व्याख्या गर्न सक्छ कि भनेर परिक्षण गर्ने ।



### ⓬ "भूकम्प " कार्ड

भूकम्प अनुभव बताउन सक्छ कि हेर्ने र भूकम्प आएमा के गर्ने भन्ने बारेमा आफ्नो राय व्यक्त गर्न सक्छन कि भनेर हेर्ने छौ ।माथिल्लो कक्षाका विधार्थीहरू लाई उनिहरूको उमेर र सिकेका विषय र शब्दावली हरू प्रयोग गरेर भूकम्पको कारणहरू र संयन्त्रको व्याख्या गर्न सक्छ कि भनेर हेर्नुहोस।



### ⓭ "पानी/जल चक्र " कार्ड

पढेको विषयको शब्दावली प्रयोग गरेर पानी/जल चक्रले कसरी काम गर्छ भनेर व्याख्या गर्न सक्छ,भनेर हेर्छौ।हामी विधार्थीहरू लाई सोध्ने छौ कि यदि सुर्य नभएमा के हुन्छ? जुन पानी/जल चक्रको लागी अति आवश्यक छ ।कुनै काल्पनिक घटनाको जवाफ प्रमाण सहित दिन सक्छ कि भनेर हेर्नुहोस।

## ⑤ कार्यान्वयनमा ध्यान दिनुपर्ने कुराहरू

### प्रवाहमा फोकस गर्नुहोस

- DLA ( सुन्ने / बोल्ने ) मा लाग्ने समय लगभग १० ~ १५ मिनेट हो . धैरै समय नलागाउनु होस र प्राकृतिक गतिमा संवादको साथ अगाडी बढनुहोस ।
- कृपया विधार्थीहरूको बोली लाई विचमा अवरोध ,अस्वीकार र सच्याउने काम नगर्नुहोस।
- यदी बच्चाले प्रश्न बुझ्दैन भने ,बिस्तारै दोह्वायाउनुहोस ।यदी अझै नबुझेको खण्डमा प्रश्न लाई छोटो र सरल तरिकामा परिवर्तन गरे पनि हुन्छ तर कुनै पनि व्याख्या थप नगर्नुहोस,साथै प्रवाह लाई रोक्न नदिई अगाडी बढौ ।
- यदी बच्चाले सोचिहरहेको वा प्रतिक्रिया दिन समय लगाईरहेको छ भने ,हतार नगर्नुहोस र धैर्यपूर्वक पर्खनुहोस।

### वातावरण सृजना

- शान्त वातावरण बनाउन प्रयास गर्नुहोस ,कृपया यसलाई परिक्षाको रूपमा प्रयोग गर्नु सट्टा,कृपया,बच्चासँगको संवादको आनन्द लिने उदेश्य राखेर गर्नुहोस।
- बच्चाको प्रतिक्रियालाई ट्याप गरेर वा टाउको हल्लाएर सांकेतिक रूपमा प्रतिक्रिया दिने ।

### संवादको क्रममा स्कोरिंग/मुल्याकंन नगर्ने

- कृपया बच्चाको अगाडी स्कोरिङ वा मुल्याङन नगर्नुहोस. कार्यान्वयन पछी मुल्याङन गरिने छ ।
- सहि मुल्याङन र रेकर्डको लागी ,अडियो वा भिडियो रेकर्ड गरेर राख्नुहोस ।

### प्रशंसा गरेर समाप्त गर्नुहोस

- जुनसुकै लेबल/स्तर भएपनि , अन्तिममा मातृभाषामा "बोलेको "मा सकारात्मक मुल्याङन गरेर समाप्त गर्नुहोस।

## ⑥ मूल्यांकन विधि

- DLA ( सुन्ने / बोल्ने ) समाप्त भएपछी अडियो र भिडियो रेकर्ड जाँच गर्नुहोस।
- DLA ( सुन्ने / बोल्ने ) मूल्यांकन नोट (p.२१०) प्रयोग गरेर ,आफ्नो दृष्टिकोण अनुसार के कति राम्रो गर्नसक्छन भनेर चेक (जाँच) गर्नुहोस।
- त्यस समयमा हामी DLA (हजिमेनो ईप्पो/प्रथम पाईला) मा "परिचय वार्तालापको "उपलब्धि र "शब्दावली जाँच को" सही उत्तर हरू को प्रतिशत लाई पनि विचार गर्नुहोस ।
- मूल्यांकन नोटमा टिपोट गरिएका सामाग्रीहरू ( CLD विधार्थीहरूको लागी भाषा विकास र अधिग्रहणको म्याट्रिक्स ) ( KOTOBA no CHIKHARA no MONOSASHI )को "विचार / निर्णय / अभिव्यक्ति हरू विस्तृत भाषा कौशलको शक्ति (बहुभाषाहरूमा शक्ति)को स्टेज/चरण देखाएर मूल्यांकन गर्ने।त्यस्तै (विचार •निर्णय•अभिव्यक्ति )लाई समर्थन गर्नको लागी व्यापक भाषा शक्ति (बहु भाषाहरूमा शक्ति) ले (नेपाली भाषामा गर्न सक्ने कुरा) र (जापानीज भाषामा गर्न सक्ने कुरा) लाई मिलाएर व्यापक रूपमा बुझ्न सकिन्छ।
- DLA बालबालिकाहरूको भाषिक शिप स्कोर गर्न र परिणामहरू क्रमबद्ध गर्नको लागी मानकीकृत परीक्षण होईन ।यो एक मूल्यांकन हो जसले बच्चाले भाषाको प्रयोग गरेर (गर्न सक्ने कुरा) वा (सपोर्ट/सहयोग पाएर गर्न सक्ने कुरा )लाई हेरी, त्यसको जानकारी भाषाको शिक्षा र सपोर्टको लागी उपयोग गर्ने छौ ।
- तसर्थ,यसमा प्राप्त भएका परिणाहरू स्कोर नगरी,तिनीहरूलाई एक व्यापक र वहुपक्षिय दृष्टिकोण बाट हेर्नुहोस र तिनीहरूलाई अर्को चरणमा लक्षित शिक्षा र सपोर्ट/सहयोग संग जोड्नुहोस.

## आधारभूत कार्य

४ वटे कार्ड प्रयोग गर्न ज़रूरी छेन।अवस्था र आवश्यकता अनुसार चित्र कार्ड छानेर प्रयोग गर्नुहोस।अथवा,आधारभूत कार्य नगरेपनि गर्ने कार्य प्रष्ट छ भने यो संचालन गर्न ज़रूरी छैन।

| कार्यान्वयनकर्ता संगको वार्तालाप | ध्यान दिनुपर्ने कुराहरू |
|---|---|
| **❶"कक्षा"कार्ड** | |
| ● "अब कार्ड हेरेर म संग कुरा गर्नुहोस ।यदी तपाईले मेरो कुरा नबुझेको खण्डमा ,बुझेन् भन्नुहोस । ल त शुरू गरौ है ।<br>① "यो कहाँ हो ?"<br>② "यस कोठामा के के छ ?"<br>③ "शिक्षकको डेस्क छ ?"<br>④ "त्यसो भए शिक्षकको कुर्सी नि ?"<br>⑤ "शिक्षक हुनुहुन्छ?"<br>⑥ "त्यसोभए बच्चाहरू नि ?"<br>⑦ "पेन कहाँ छ ? "<br>⑧ "घडी कहाँ छ ?"<br>⑨ "अहिले कति बज्यो ?" | · प्रश्नहरूको क्रम परिवर्तन नगर्ने<br>· ④प्रश्नको बिच भागमा (बस्तु छ /मानिस छ)लाई प्रेरित गर्नुहोस।<br>· ⑥प्रश्नको बिच भागमा (बस्तु छ /मानिस छ)लाई प्रेरित गर्नुहोस।<br>· ⑦बच्चाले चित्र कार्ड मा औंल्याएर "यहाँ "भनेमा चित्र कार्ड लाई उल्टा पारेर फेरी एकपटक त्यही प्रश्न सोध्नुहोस ।मौखिक रूपमा स्थानको वर्णन (डेस्कको माथी छ ) भन्न लगाउन प्रेरित गर्ने।<br>· ⑦"पेन "लाई "कलम "मा परिवर्तन गरेपनि हुन्छ।<br>· ⑧ यदी प्रश्न २ को उत्तरमा घडी समावेश भएको खण्डमा (घडी छ है) भन्नुहोस।<br>· ⑨ कक्षा १ का विधार्थीहरू लाई यो प्रश्न सोध्नु पर्दैन्। |
| **❷ "खेलकूद /स्पोर्ट्स "कार्ड** | |
| ① "स्पोर्ट्स (खेलकूद )मन पर्छ ?"<br>② "○○सान कस्तो प्रकारको स्पोर्ट्स (खेलकूद) गर्न सक्छौ?"<br>③ "(स्पोर्ट्स ) को नाम?"<br>④ "(स्पोर्ट्स को नाम )कहिल्यै गर्नु भएको छ ?"<br>⑤ "(स्पोर्ट्स को नाम )र (स्पोर्ट्स को नाम )मा कुन चाही मन पर्छ?" | · ① (स्पोर्ट्स)शब्द संग परिचित नभएका साना बच्चाहरूको खण्डमा (खेल) शब्द मा परिवर्तन गर्नुहोस।<br>· ③ स्पोर्ट्सको नाम थाहा नभएका बच्चाहरू (मुख्यतया तल्लो कक्षाका विधार्थीहरू)को खण्डमा प्रशिक्षकले चित्र कार्ड देखाएर प्रश्न सोध्ने।<br>· ③ प्रश्नलाई मध्यम मार्गमा राखेर (गर्न सक्छ/गर्न सक्दैन)भन्न प्रेरित गर्ने। |
| **❸ "दैनिकी ( उठने समय ) ( स्कुल जाने समय ) ( सुत्ने समय ) "कार्ड** | |
| ① "आज विहान कति बजे उठ्यौ?"<br>② "त्यसपछी के गर्यौ ?"<br>③ "सधै कति बजे सुत्छौ ? "<br>④ "घर फर्के पछी सधै के गर्छौ ?<br>सुत्नु अघि सम्मको कुरा भन्नुहोस ? " | · ① समयको बारेमा प्रश्न सोध्नुहोस ।<br>· ② भुतकालको बुझाई र प्रयोग जाँच गर्नुहोस ।<br>· ③ बानी वा गतिविधिको बारेमा प्रश्न सोध्नुहोस ।<br>· ④क्रिया या गतिविधि लाई समयक्रम संग जोडेर कुरा गर्न सक्छ कि भनेर हेर्ने। |
| **❹"भविष्यको सपना"कार्ड** | |
| ① "भविष्यमा ठूलो भएपछी के बन्न चाहान्छौ ?"<br>② "त्यो किन हो ?/किन बन्न चाहान्छौ?" | · ① यदी बच्चाले पेशाको नाम लिएन भने ,"के गर्न चाहान्छौ ?"मा परिवर्तन गरेपनि हुन्छ. बच्चा लाई रोजगारको नाम छनौट गर्न लगाएर (स्कुलको शिक्षक नि?)चित्र कार्ड देखाएर (यो के हो?)भनेर प्रश्न सोध्नुहोस । |

प्राय कुनैको को पनि जवाफ दिन नसकेको खण्डमा कार्यक्रम लाई यही समाप्त गर्नुहोस ।

**"यही सकिन्छ ।धन्यवाद. ।**

धेरै जसो प्रश्नहरूको जवाफ दिन सकेमा ,संवाद कार्य वा संज्ञानात्मक कार्यमा अघि बढनुहोस।वार्ताको कार्यलाई गर्ने वा नगर्नेअवस्था (समय) र आवश्यकता अनुसार निर्धारण गर्ने।

## संवाद कार्य

३ वटा सबै कार्यान्वयन गर्न जरूरी छैन. स्थिति र आवश्यकता अनुसार कार्डहरू छानेर प्रयोग गर्नुहोस।यदी संबाद कार्य गर्नु भन्दा अगाडी नै गर्न सक्छ जस्तो लागेमा गर्न जरूरी छैन।

| कार्यान्वयनकर्ता संगको वार्तालाप | ध्यान दिनुपर्ने कुराहरू |
|---|---|
| **❺ "शिक्षक लाई प्रश्न" कार्ड A , B** | |
| A<br>① "◯◯सान लाई पेट दुखेर शौचालय (टोईलेट)जान मन लागेको अवस्थामा,शिक्षक लाई के भन्नु हुन्छ ।<br>(मानौ कि म शिक्षक हो )<br>B<br>① "◯◯सानले गणितको किताब ल्याउन बिर्सिनु भयो. कक्षामा तपाईं नजिकै बस्ने साथीले किताब देखाओस भनेर चाहानुहुन्छ।त्यतीखेर तपाईं साथीलाई के भन्नुहुन्छ? | ・A①"शौचालय / पेट दुखेको बच्चा" को चित्र देखाएर प्रश्न गर्ने.<br>・अनुमति माग्न सक्छ कि सक्दैन हेर्ने ।<br><br>・B①"किताब को चित्र देखाएर प्रश्न सोध्ने<br>・अनुरोध गर्न सक्छ कि सक्दैन हेर्ने । |
| **❻ "नयाँ शिक्षक" कार्ड** | |
| ① "आज देखिआएको नयाँ शिक्षक हु ।सबैभन्दा पहिला (◯◯सान) ले आफ्नो परिचय दिनुहोस, त्यसपछी मलाई २ वटा प्रश्न सोध्नुहोस ,<br>मानौ कि म नयाँ शिक्षक हु। | ・कार्यान्वयन कर्तले नयाँ शिक्षकको भूमिका खेल्ने ।<br>・"आफ्नो परिचय "नबुझेको खण्डमा" ◯◯ सानको बारेमा सिकाई दिनुहोस।अझै नबुझेको खण्डमा, (नाम?) (कक्षा?) भनेर हिन्ट दिनुहोस,वा (म...)भनेर संकेत दिनुहोस। |
| **❼ "साथीलाई खेल्न बोलाउने" कार्ड** | |
| ① "आज स्कुल छुट्टी भएपछी ◯◯सान सँग खेल्न चाहान्छु ।स्कुलमा जुत्ता राख्ने ठाँऊमा भटेको ◯◯ सान साथीलाई खेल्न आमन्त्रणा/बोलाउनुहोस । | ・परिचयात्मक कुराकानीमा सुन्नु भएको साथीको नाम प्रयोग गर्नुहोस ।साथै,कार्यान्वयनकर्तले साथीको भूमिका निभाउनुहोस।<br>・यस कार्यमा बच्चाले आफैबाट कुराकानी शुरू गर्ने ,आमन्त्रणा गर्ने,समय र स्थान आदि तय गर्ने र वार्तालापको टुङ्गो लगाउने क्षमताको परिक्षण गर्ने भएकोले ,कार्यान्वयनकर्तले बच्चाको बोलीको प्रतिक्षा नगरी बोल्न नहुने कुरामा साबधान हुनुहोस । |

लगभग कुनै जवाफ दिन नसकेको खण्डमा ,प्रक्रिया यहि समाप्त गरे हुन्छ ।

**"यही समाप्त हुन्छ । धन्यवाद. ।**

संवाद कार्य लगभग पुरा भएपछी ,सिधै संज्ञानात्मक कार्यमा अघि बढ्नुहोस।

# संज्ञानात्मक कार्यहरू

**<u>बच्चाको उमेर (कक्षा)अनुसार कार्ड छानेर प्रयोग गर्नुहोस.</u>** निम्न माध्यमिक विधालय र माध्यमिक/उच्च माध्यमिक स्तरको विधार्थीलाई कार्यान्वयन गर्नु परेको खण्डमा यस भित्र उपयुक्त कार्ड छैन भने आफ्नो देशमा पढेका विषय का साथै मन पर्ने विषय र सिकेका पाठको बारेमा आफ्नो अबधारणा व्याख्या गर्न लगाउने।

| कार्यान्वयनकर्ता संगको वार्तालाप | ध्यान दिनुपर्ने कुराहरू |
|---|---|
| **❽ "कुराकानी" कार्ड ( तल्लो / मध्यम कक्षा)** | |
| ① "सानो बच्चाले तपाईलाई केही कुरा गर्न भन्यो "कुरा गर्नुहोस। | ・बच्चालाई धैरै थाहा भएको विषय वस्तु छानेर कुरा गर्नुहोस,चित्र कार्ड भित्र थाहा भएको कुरा नभएमा अरू टपिक/विषय मा कुरा गरेपनि हुन्छ। |
| **❾ "दमकल" कार्ड (तल्लो / मध्यम कक्षा )** | |
| ① "यो गाडीको नाम थाहा छ ?"<br>② "यो गाडीले कस्तो प्रकारको काम गर्छ/यो के को लागी प्रयोग गरिन्छ?"<br>③ "मिल्ने कुराहरू के हो / के फरक छ ?" | ・① २ वटा गाडीहरूलाई पालै-पालो देखाएर प्रश्नहरू सोध्नुहोस, गाडीको नाम थाहा नभएको खण्डमा अर्को प्रश्न सोध्नको लागी सिकाई दिए पनि फरक पर्दैन।<br>・③२ वटा गाडीहरू बिचको समानता र भिन्नताहरूको बारेमा सोध्नुहोस ।केही बच्चाहरू लाई गाडीको कार्यको समानता र भिन्नताको बारेमा थाहा नहुनसक्छ।हेराई र आकारको आधारमा जवाफ दिन सक्छ । |
| **❿ "खानाको पाचन" कार्ड** | |
| ① "यो मान्छेले खाएको खाना के हुन्छ?"<br>② "पाचन क्रियाको बारेमा व्याख्या गर्नुहोस ?"(माथील्लो कक्षाको लागी मात्र) | ・तल्लो र मध्यम ग्रेड लाई पाचनको बारेमा कुरा गर्न सक्छ कि सक्दैन हेर्नुहोस र माथिल्लो ग्रेडका विधार्थीहरू लाई उमेर अनुसार उपयुक्त शब्द प्रयोग गरेर पाचन क्रियाको व्याख्या गर्न सक्छ कि सक्दैन हेर्नुहोस। |
| **⓫ "वातावरणीय समस्या" कार्ड (मध्यम ग्रेड / कक्षा भन्दा माथी )** | |
| ① "यो के को चित्र हो ?"<br>② (प्रत्येक चित्रको बारेमा) " यो के हो ?"<br>③ "पृथ्वी रोईरहेको छ. किन रोएको होला ?"म<br>④ "पृथ्वी रून नदिन के गर्नु पर्छ जस्तो लाग्छ/ तिमीले के गर्न सक्छौ ?"<br>⑤ "यो ग्लोबल वार्मिङको चित्र हो ,ग्लोबल वार्मिङ कसरी हुन्छ ?"<br>( मुख्यतया माथिल्लो ग्रेड ) | ・①वातावरणीय समस्या र ग्लोबल वर्मिङ अवधारणा प्रतिनिधित्व गर्ने कार्ड भन्ने थाहा पाएर ,त्यो शब्द थाहा छ कि भनेर हेर्ने ।<br>・① मा उत्तर दिन सकेमा, ② लाई स्किप गर्ने. यदि जवाफ दिन नसकेको खण्डमा एउटा –एउटा चित्रको बारेमा,के को चित्र (पृथ्वी,रूख काटिरहेको,गाडी बाट निस्किएको ग्यास,कारखानाहरू बाट निस्किएको धुवाँ )को बारेमा सोध्ने<br>・① मा थाहा नभएको खण्डमा ⑤मा ग्लोबल वर्मिङ भन्ने शब्द सिकाउने,साथै कारण र संयन्त्रहरूको बारेमा किताबमा पढेको शब्दहरू प्रयोग गरेर व्याख्या गर्न सक्छ कि ,हेर्ने। |
| **⓬ "भूकम्प" कार्ड (मध्यम ग्रेड/कक्षा भन्दा माथी )** | |
| ① "कहिल्यै भूकम्पको अनुभव गर्नु भएको छ ? मलाई त्यो समयको बारेमा बताउनुहोस "<br>② "स्कुलमा, भएको बेलामा भूकम्प आएको खण्डमा के गर्नुहुन्छ ?"<br>③ "भूकम्पको बारेमा स्कुलमा पढनु भयो?. भूकम्प कसरी आउछ? व्याख्या गर"(मुख्यतया माथिल्लो ग्रेड) | ・① बच्चाहरू आफैले कहिल्यै भूकम्पको अनुभव नगरेको खण्डमा ,आमाबुबाको अनुभवको बारेमा सोध्नुहोस ।<br>・③ भूकम्प आउनु कारण र संयन्त्र (मेकानिज्म)को बारेमा बच्चाले पढेको विषयहरूको शब्दहरू प्रयोग गरेर व्याख्या गर्न सक्छ कि हेर्ने। |
| **⓭ "जल/पानी चक्र" कार्ड (माथील्लो ग्रेड/कक्षा)** | |
| ①"पानीको वहाबको बारेमा व्याख्या गर्नुहोस?"<br>②"हामीले खाने पानी कहाँ बाट आउँछ जस्तो लाग्छ ? "<br>③"पानी नपरेको खण्डमा/सुर्य नभएको खण्डमा पृथ्वीमा के हुन्थियो जस्तो लाग्छ ?" | |

**"यही समाप्त हुन्छ । धन्यवाद. "**

# \\ मुल्याङ्न नोट //

साल　　महिना　　तारीख़

नाम　　कक्षा (ग्रेड)　　उमेर (　　बर्ष)

नेपाली भाषाको सुन्ने र बोल्ने कौशल लाई निम्न बुदाँहरूको आधारमा जाँच गर्ने छौ।
यस मुल्याङन नोट ( CLD विधार्थीहरूको लागी भाषा विकास र अधिग्रहणको म्याट्रिक्स ) ( KOTOBA no CHIKHARA no MONOSASHI ) को आधारमा चरण (स्टेज)को मुल्याङन गर्ने छौ ।

| | | |
|---|---|---|
| **सुन्ने कौशल** | | |
| आधारभूत सुन्ने कौशल | आफ्नो बारेमा र आफु वरीपरीको विषयहरूको बारेमा गरेको साधारण प्रश्नहरू बुझ्न सक्छ । | ☐ राम्रो गर्न सक्छ ☐ सक्छ ☐ अझै अलि गार्हो |
| **उच्चारण र प्रवाह** | | |
| उच्चारण र ईन्टोनेशन | प्राकृतिक उच्चारण र स्वरमा बोल्न सक्छ । | ☐ राम्रो गर्न सक्छ ☐ सक्छ ☐ अझै अलि गार्हो |
| प्रवाह | अन्तरक्रिया प्राकृतिक र सहज छ । | ☐ राम्रो गर्न सक्छ ☐ सक्छ ☐ अझै अलि गार्हो |
| **बोल्ने तरिका** | | |
| बोल्ने तरिका | आफु बाट बोल्न र कुराकानी गर्न सक्षम छ । | ☐ राम्रो गर्न सक्छ ☐ सक्छ ☐ अझै अलि गार्हो |
| **शब्दावली** | | |
| दैनिक शब्दावली | परिचित दैनिक शब्दावली र अभिव्यक्ति प्रयोग गर्न सक्छ । | ☐ राम्रो गर्न सक्छ ☐ सक्छ ☐ अझै अलि गार्हो |
| शब्दावलीको गुणस्तर (किताबमा पढेका शब्दावली) | उपयुक्त शब्दावली र अभिव्यक्ति प्रयोग गर्न सक्षम ( विषयमा पढेका शब्दावली सहित) | ☐ राम्रो गर्न सक्छ ☐ सक्छ ☐ अझै अलि गार्हो |
| **व्याकरणीय शुद्दता** | | |
| व्याकरणीय शुद्धता | शुद्द व्याकरणमा बोल्न सक्छ । | ☐ राम्रो गर्न सक्छ ☐ सक्छ ☐ अझै अलि गार्हो |
| **वाक्य र अनुच्छेदको गुणस्तर** | | |
| वाक्य निर्माण | आफैले सरल वाक्य बनाउन सक्छ । | ☐ राम्रो गर्न सक्छ ☐ सक्छ ☐ अझै अलि गार्हो |
| अन्नुछेद गुणस्तर | सरल वाक्य मात्र नभएर मिश्रित वाक्यहरू प्रयोग गरेर अनुच्छेदहरू निर्माण गर्न सक्छ । | ☐ राम्रो गर्न सक्छ ☐ सक्छ ☐ अझै अलि गार्हो |
| **कुराकानीको विषयवस्तु र सारांश** | | |
| कार्य पूर्णता स्तर | तोकिएका कार्यहरू पूरा गर्न सक्छ | ☐ राम्रो गर्न सक्छ ☐ सक्छ ☐ अझै अलि गार्हो |
| कुराकानीको क्रम | क्रममा बोल्न र जोडेर कुरा गर्न सक्षम छ | ☐ राम्रो गर्न सक्छ ☐ सक्छ ☐ अझै अलि गार्हो |
| कुराकानीको बिषयबस्तु र एकता | विषयवस्तुहरू समृद्ध र समेटेर वर्णन गरेर , कारण र विचारहरू आदी भन्न सक्षम छ | ☐ राम्रो गर्न सक्छ ☐ सक्छ ☐ अझै अलि गार्हो |